# नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालयको

## शैक्षिक प्रोत्साहन वृत्तिको लागि कबुलियतनामा गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८३/२/२०**

शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको मिति २०८३/२/१९ गतेको निर्णयानुसार शैक्षिक प्रोत्साहन वृत्तिका लागि छनौट भएका विद्यार्थी र सम्बन्धित अभिभावक निजामती कर्मचारीले निर्देशिकाको दफा १७ को उपदफा (१) बमोजिम सूचना प्रकाशन भएको मितिले १० दिनभित्र अनलाइन प्रणालीबाट सिर्जित अनुसूची-३ बजोजिमको ढाँचामा आफ्नो कार्यालय प्रमुखको रोहबरमा कबुलियत गरी अनलाईन प्रणाली मार्फत पेश गर्न सूचित गरिएको छ ।

### कबुलियतनामा गर्दा ध्यान दिनुपर्ने विषयहरु:

१. बैंक खाता अभिभावक कर्मचारीको हुनुपर्नेछ।

२. बैंक खाता प्रविष्टि गर्दा तलबी खाता प्रविष्टि गर्नुपर्नेछ। सेवानिवृत कर्मचारीको हकमा पेन्सन खाता बाहेकको अन्य बैङ्क खाताको विवरण प्रविष्टि गर्नुपर्नेछ।

३. बैंक विवरण प्रविष्टि गर्दा Eng.* लेखेको ठाउँमा अनिवार्य रुपमा English र अन्य ठाउँमा नेपाली युनिकोडमा टाइप गर्नुपर्नेछ।

४. अभिभावक कर्मचारीको नाम (Eng.*), बैंकको नाम र खाता नम्बर प्रविष्टि गर्दा चेकबुकमा भएबमोजिम नै र PAN No. प्रविष्टि गर्दा एउटा पनि अंक फरक नपर्ने गरी टाइप गर्नुपर्नेछ।

५. स्थायी लेखा नम्बरको प्रमाणपत्र र बैंकको चेकको पाना स्पष्ट बुझ्ने गरी pdf format मा Scan गरी (बढीमा १ MB) अनिवार्य अपलोड गर्नुपर्नेछ।

६. माथि उल्लिखित विवरण पुनः ध्यानपूर्वक रूजु गरी विवरण **सेभ गर्नुहोस** भन्ने Button मा Click गर्नपर्नेछ। तत् पश्चात कबुलियतनामा डाउनलोड गर्न **"कबुलियतनामा डाउनलोड गर्नुहोस"** भन्ने button मा क्लिक गर्नुपर्नेछ।

७. कबुलियतनामामा सहि छाप गरे पश्चात कबुलियतनामाको स्पष्ट बुझ्ने गरी pdf format मा स्क्यान गर्नुपर्नेछ र त्यस पश्चात **"सहि छाप गरेको कबुलियतनामाको pdf scan copy: *"** को मुनि रहेको **choose** file भन्ने button मा click गर्नुपर्नेछ र file choose गरे पश्चात **"कबुलियतनामा अपलोड गर्नुहोस्"** भन्ने button मा क्लिक गरी अपलोड गर्नुपर्नेछ।

**नोटः कबुलियतनामाको विवरण एक पटक प्रविष्टि गरी pdf अपलोड (Upload) गरेपश्चात पुनः विवरण सच्याउन नसकिने भएकोले ध्यानपूर्वक विवरण प्रविष्टि गर्नुहुन अनुरोध गरिन्छ ।**

थप जानकारीको लागि
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी कल्याण शाखा
सिंहदरवार, काठमाडौं।
फोनः ४२००३०९
ईमेलः emp.welfare.section@mofaga.gov.np वेवसाइटः www.mofaga.gov.np
www.santati.mofaga.gov.np